ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

# कक्षा नौमा अध्ययनरत विद्यार्थीको सारांश लेखन क्षमता

निर्मला रेग्मी जैसी
मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत
nirmalaregmimu@gmail.com

**सार**

प्रस्तुत अध्ययन सुर्खेत जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीको सारांश लेखन क्षमता शीर्षकमा केन्द्रित रहेको छ । यस अध्ययनमा पाठ्यक्रमले लेखाइ सिप सम्बन्धी राखेका उद्देश्यहरू अनुसारको लेखाइ कार्यकलाप अनिवार्य रूपले सञ्चालन गर्नुपर्दछ । भाषाका अन्य सिपको विकास सँगसँगै लेखाइ सिपको विकास गर्नु पर्दछ । विद्यार्थीको तह, स्तर, क्षमता जस्ता कुराहरूलाई ध्यानमा राखी लेखाइ सिप सम्बन्धी कार्यकलाप सञ्चालन गरिनु पर्दछ । कमजोर विद्यार्थीहरूलाई उपचारात्मक वा निराकरणात्मक शिक्षण गर्नु पर्दछ । मूल्याङ्कन प्रणालीमा विविधता ल्याउनु पर्दछ । सबै भाषिक सिपको समान मूल्याङ्कन हुनुपर्दछ । प्रतियोगितात्मक लेखाइ गराएमा विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमता वृद्धि हुन्छ । शिक्षक विद्यार्थी बिच अन्तरक्रिया हुनुपर्दछ । शिक्षकको निम्ति तालिम, पुनर्ताजगी तालिमको व्यवस्था गरिनु पर्दछ । पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीहरूको रुचि, क्षमता, स्तर अनुरूप गरिनु पर्दछ । विद्यार्थीहरूको रुचि अनुसार शिक्षण सिकाइ कार्यकलाप गर्नुपर्दछ । सारांश लेखन गृहकार्यको रूपमा समेत अभ्यास गराउनु पर्छ ।

**मुख्य शब्दावली** : सारांश, लेखन, मौखिक, अनुभव, शब्द, अनुच्छेद

## पृष्ठभूमि

नेपाली भाषा विद्यालय तहमा अनिवार्य विषयको रूपमा र क्याम्पसहरूमा अनिवार्य तथा ऐच्छिक विषयका रूपमा यस पठनपाठन भइरहेको छ । हरेक नेपालीले यसलाई कुनै न कुनै रूपमा प्रयोग गर्नुपर्ने भएकाले यसको प्रयोग क्षमता अभिवृद्धि गर्दै लैजानु अपरिहार्य देखिन्छ । नेपाली भाषाको क्षमता अभिवृद्धि गर्नु नै विद्यालय तथा क्याम्पसका विभिन्न तहका पाठ्यक्रममा सारांश लेखनको सिप विकास गराउने उद्देश्य समावेश गरिएको छ ।

कुनै लिखित मौखिक अभिव्यक्तिका मुख्य कुरालाई पढी सुनी मुख्य कुरालाई नछुटाई एक तृतीयांश शब्दमा लेख्नु अभिव्यक्त गर्नुलाई सारांश लेखन भनिन्छ । यसलाई संक्षेपीकरण, संक्षेपण तथा संक्षेपीकृत लेखन पनि भनिन्छ । यो एउटा कला पनि हो । मूल पाठलाई एक तृतियांश भागमा सिलसिला मिलाएर प्रस्तुत गरिने सारांश भाषिक कला वा सिप मानिन्छ । सारांशले विद्यार्थीलाई मूल पाठमा भएका अप्रासङ्गिक र पुनरावृत्ति भएका कुरा मौलिक, संक्षिप्त कसिलो बनाई पाठलाई गहन रूपले बुझेर सतर्कताका साथ लेख्ने बानीको विकास गराउँछ । सधैं एक अनुच्छेदमा लेखिने सारांश पाठको अपूर्ण अंश, छोटो टुक्रा आफ्नो शब्दमा लेखिएको पूर्ण रचना हो । वस्तु त एउटै नेगेटिभबाट बनाइएको ठूलो फोटो र त्यसको एक तिहाई आकारको सानो फोटो जस्तैः मूल पाठको एक तिहाइ आकारमा प्रस्तुत गरेर लेख्नुलाई सारांश लेखन भन्न सकिन्छ ।

लेखाइ सिप शिक्षणमा विभिन्न अभ्यासात्मक कार्यकलापहरूलाई प्रयोगमा ल्याइन्छ । यी विविध कार्यकलापहरूमध्ये सारांश लेखनको पनि महत्त्वपूर्ण स्थान रहन्छ । लेखाइ अनुभव र ज्ञानको अभिव्यक्ति गर्ने माध्यम मात्र नभई ती अनुभव, भावना र ज्ञानको प्रचार प्रसार एवम् सञ्चार गर्ने माध्यम पनि हो ( अधिकारी, २०६२) भाषा विचार, अनुभूति र अनुभवलाई आदान प्रदान गर्ने साधन हो । भाषाका दुई रूप

हुन्छन्, लिखित र मौखिक, मौखिक भाषा बोलचालको भाषा हो भने लिखित भाषा पढाइ र लेखाइको भाषा हो । मौखिक भाषा ध्वनि, बोलीको माध्यमबाट व्यक्त हुन्छ भने लिखित भाषा लिपिका माध्यमबाट व्यक्त हुन्छ । हामी भाषा सुनेर र बोलेर अनि पढेर र लेखेर सिक्दछौं । समग्रमा भाषा सिकाइ भनेकै भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको प्रयोग व्यवहारमा दक्षता प्राप्त गर्नु हो ।

भाषाका चार ओटा सिपहरूमध्ये लेखाइ एक प्रदानात्मक तथा भाषाको चौथौ भाषिक सिप हो । कुनै कुरा लेखेर अभिव्यक्त गर्ने माध्यमलाई लेखाइ भनिन्छ । ध्वनि सङ्केतहरूलाई लिपिका माध्यमले अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । सारांश भनेको कुनै वर्णन, लेख आदिको मुख्य विचार, मूल कथन, सार कुरा, तात्पर्य, तेरिज, मजबुन, सङ्क्षेपीकरण, निचोड, निष्कर्ष, उपसंहार, छोटकरी, सार सङ्क्षेपीकरण हो भनिएको छ । सारांश भनेको मूल पाठको सार हो भन्न सकिन्छ (पोखरेल, त्रिपाठी र अन्य, २०४०) ।

सारांशका आधारभूत गुण, चरित्रहरूलाई यसमा विशषेता भनिन्छ । सारांश कस्तो हुन्छ भन्ने कुराले यसको यसका विशेषतालाई दर्साउँछ । त्यसैलाई आधार मानी सारांशका विशेषताहरू उल्लेख गर्न सकिन्छ । सारांश संक्षिप्त अर्थात् मूल पाठको एक तृतीयांश शब्द सङ्ख्यामा लेखिने भएकाले यसमा मूल पाठमा भएका उदाहरण, अलङ्कार र दोहोरिएका कुरालाई हटाइन्छ । यो मूल पाठको एक तृतीयांश शब्द सङ्ख्यामा लेखिए पनि आफैमा एउटा पूर्ण र मौलिक रचना हो । सारांशलाई नबुझिने र रहस्यमय नबनाइ स्पष्ट रूपमा बुझिने गरी लेख्नु पर्छ । अतः मूल पाठमा व्यक्त भएको सार कुरालाई क्रमबद्ध रूपमा राखिनु पर्छ (बराल र एटम, २०६८) । मौलिक लेखन भएकाले यसमा एकल शब्दको प्रयोग गरिन्छ र मूल पाठ प्रत्यक्ष कथनमा भए पनि यसलाई अप्रत्यक्ष कथनमा लेखिन्छ । यो पाठको अपूर्ण अंश वा छोटो टोक्रो होइन बरु आफ्नै शब्दमा लेखिएको पूर्ण रचना हो ।

**उद्देश्य**

प्रस्तुत अध्ययनका उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन गर्नु रहेको छ ।

**पूर्वकार्यको समीक्षा**

कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित पूर्वकार्यको समीक्षालाई पुस्तक समीक्षा र शोध समीक्षा गरिएको छ :

सुवेदी (२०७१) द्वारा तयार पारिएका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको जीवनी लेखन क्षमताको अध्ययन शीर्षकको शोधपत्रमा कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको जीवनी लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र निजी विद्यालयको तुलनात्मक विश्लेषण, उपयुक्त विधिहरूको पहिचान र प्रभावकारीताको मूल्याङ्कन गर्नु उद्देश्य राखिएको छ । यहाँ अध्ययनलाई ३ वटा संस्थागत र ३ वटा सामुदायिक गरी ६ विद्यालयका ६० जना विद्यार्थीमा सीमित पारिएको छ । यहाँ प्रत्यक्ष अवलोकन विधिलाई आधार बनाइएको छ । समग्रमा सुर्खेत जिल्लाको मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको औषत मान ५३ प्रतिशत निकाली जीवनी लेखन क्षमता मध्यम रहेको निष्कर्ष निकालिएको छ । जीवनी लेखन क्षमतामा विद्यार्थीहरूमा भएका कमी कमजोरीहरू निराकरण गर्नका लागि शिक्षक अभिभावकको सक्रियता बढाइ जीवनीको नमुना प्रदर्शन गरी स्पष्ट पार्दै विद्यार्थीहरूलाई बढीभन्दा बढी अभ्यास गराउनुपर्ने कुरामा जोड दिइएको छ । यो अध्ययनबाट अनुसन्धान विधि, विश्लेषण पक्ष, आदिमा सहयोग हुने हुनाले यस अध्ययनमा प्रयोग गरिएको छ ।

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

गौतम (२०७२) द्वारा तयार पारिएको सुर्खेत उपत्यकाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीको चिठी लेखन क्षमताको अध्ययन शीर्षकको शोधपत्रमा चिठी लेखन क्षमता पहिल्याउनु, तुलनात्मक अध्ययन गर्नु र कमजोरी पत्ता लगाइ सुधारका उपायहरू प्रस्तुत गर्नु उद्देश्यहरू रहेका छन् । यसमा सरकारी २ र संस्थागत २ गरी ४ विद्यालयका ६० जना विद्यार्थीहरूलाई समावेश गरिएको छ । यसमा २० पूर्णाङ्कको परीक्षा लिए पनि १०० मा रूपान्तरण गरिएको छ । यसमा सामुदायिक विद्यालयको औषत मान ६४.७६ प्रतिशत र संस्थागत विद्यालयको औषत मान ६९.८३ रहेको कुरा पत्ता लगाइएको छ । चिठी लेखन क्षमतामा देखिएका कमी कमजोरीहरू निराकरण गर्न शिक्षक विद्यार्थीको सक्रियता बढाइ विभिन्न चिठीका नमुना प्रदर्शन गरी शिक्षण सिकाइ कार्यकलाप प्रभावकारी बनाइ विद्यार्थीलाई बढीभन्दा बढी अभ्यास गराउनु पर्ने कुरामा विशेष रूपमा जोड दिनुपर्ने निष्कर्ष निकालिएको छ । यस शोधलाई सैद्धान्तिक पक्ष, तथ्याङ्क सङ्कलन विधि, व्याख्या विश्लेषण, आदिको सहयोगका लागि प्रस्तुत अध्ययनमा उपयोग गरिएकाले महत्त्वपूर्ण भूमिका रहेको छ ।

अधिकारी (२०७२) द्वारा माध्यमिक शिक्षक दिग्दर्शन नामक पुस्तकमा पनि सारांश लेखनलाई लेखाइ सिप शिक्षणका क्रियाकलापहरूमा समावेश गरिएको छ । यसमा सारांश भनेको एउटा सिङ्गो पाठको सार लेख्ने नभई खास पाठको कुनै निश्चित अनुच्छेद पढी त्यसमा व्यक्त भएका विचारको सार एक तृतीयांश शब्द सङ्ख्यामा सङ्क्षेपीकृत गरी लेख्नु हो भनिएको छ । यो क्रियाकलाप गर्दा दिइएको अनुच्छेद दुई तिन पटक पढी बुँदागत रूपमा त्यसका महत्त्वपूर्ण कुरालाई रेखाङ्कन गर्नुपर्दछ । त्यसपछि खेस्रा लेखन गर्दै यसलाई अन्तिम रूप दिन शब्दचयन र सिलसिलाबद्ध प्रस्तुतीकरण आदिमा विशेष ध्यान दिनुपर्ने कुरा उल्लेख गरिएको छ ।

**अध्ययन विधि**

यस अध्ययन कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमता पहिल्याउने दृष्टिकोणले अध्ययन गरिएको छ । यसकारण अध्ययनको महत्त्वपूर्ण अङ्ग विद्यार्थीहरूलाई महत्त्व दिएर निष्कर्षमा पुग्ने प्रयत्न गरिएको छ । नमुना सर्वेक्षण विधि भन्ने बित्तिकै यसको कार्य क्षेत्रीय विधि, प्रयोगात्मक विधिमा रहन्छ ।

**अनुसन्धानको ढाँचा**

यस अध्ययलनाई पूर्णता दिनका लागि परिणात्मक र गुणात्मक दुवै ढाँचाको प्रयोग गरिएका छ । प्राप्त तथ्याङ्कलाई तुलनात्मक रुपमा विद्यार्थीको कक्षा लेखन क्षमता निर्धारण गर्न प्रतिशतमा तथ्याङ्क निकालिएको यो अध्ययन परिणात्मक ढाँचा रहेको छ । यस अध्ययनमा विदार्थीबाट कथा लेखन गराइ कथा लेखन क्षमता पहिचान गर्न प्राप्त तथ्याङ्कलाई व्याख्या गरिएको छ ।

**तथ्याङ्कको स्रोत**

प्रस्तुत अध्ययन कार्यमा प्राथमिक र द्वितीय स्रोतमा आधारित भएर तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक स्रोतको रूपमा विद्यार्थीको स्तरअनुरूपको अनुच्छेद दिएर सारांश लेख्न लगाइ उत्तर पुस्तिकाको सङ्कलन गरिएको छ भने द्वितीय स्रोतको रूपमा विभिन्न प्रकाशित अप्रकाशित शोधपत्रहरू, पुस्तकहरू, शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तक, विभिन्न प्रतिवेदन आदिबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

**जनसङ्ख्या तथा नमुना छनोट**

कक्षा नौमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । अध्ययनको प्रयोजन, समय, लगानी आदिका कारणले सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न नसकिने भएकाले

अध्ययनका सीमा सुर्खेत जिल्लाका ५ ओटा अङ्ग्रेजी माध्यमबाट पढाइ हुने र ५ ओटा नेपाली माध्यमबाट पढाइ हुने सामुदायिक र संस्थागत गरी जम्मा १० माध्यमिक विद्यालयका १०० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । जसमा ५० जना छात्रा र ५० जना छात्र रहेका छन् ।

प्रतिनिधि नमुनाले पूर्णतः प्रतिनिधित्व गर्नुपर्दछ र जनसङ्ख्या गुण विशेषता त्यस्ता नमुनामा समाहित हुनुपर्दछ । यस अनुसन्धानमा पनि त्यस्तै गरिएको छ । यहाँ सुर्खेत जिल्लाका ५ ओटा सामुदायिक विद्यालय र ५ ओटा संस्थागत गरी जम्मा १० ओटा विद्यालयहरूको चयन गरिएको छ । प्रत्येक विद्यालयबाट छात्रछात्रा १०/१० जना पर्ने गरी जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनामा छनोट गरिएको छ । यसरी छनोट गर्दा स्तरीकृत नमुना छनोट विधिको अवलम्बन गरिएको छ ।

**सामग्री निर्माण तथा मानकीकरण**

विद्यार्थीहरूको सारांश लेखन क्षमतालाई शीर्षक चयन, भाषिक शुद्धता, क्रमबद्धता, मूल भाव, शब्द सङ्ख्या र मौलिकताका आधारमा अङ्क निर्धारण गरी परीक्षण गरिएको छ । भाषिक शुद्धतामा विद्यार्थीले लेखेको सारांशमा वर्ण विन्यासगत, भाषिक चिह्नगत, पद सङ्गतिगत आदि आधारमा के कति शुद्धता छ भन्ने कुरालाई परीक्षण गरिएको छ । यसपछि १० जना विद्यार्थीहरूमा सारांश लेखन गराई पूर्व परीक्षण गरेर अनुच्छेदलाई सामग्रीको रूपमा छनोट गरिएको छ ।

**तथ्याङ्क सङ्कलन विधि**

यस अध्ययनमा क्षेत्रीय, स्थलगत पद्धति अपनाइ नमुना छनोटमा परेका विद्यालयमा गइ विद्यार्थीसग सम्बन्धित प्रश्नहरू सोध्नुका साथै परामर्श एवम् अन्तर्वार्ता लिइएको छ । प्रस्तुत अध्ययनमा विद्यार्थीबाट प्राप्त सामग्रीलाई परीक्षणीय विधिको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा शीर्षक चयनमा १ अङ्क, भाषिक शुद्धतामा १.५ अङ्क, क्रमबद्धतामा १.५ अङ्क, मूल भावमा २.५ अङ्क, शब्द सङ्ख्यामा १.५ अङ्क र मौलिकतामा २ अङ्क गरी दस अङ्क निर्धारण गरिएको छ । मूल्याङ्कन र अङ्कमा आफ्नो विवेकको प्रशस्त प्रयोग गरिएको छ । तथ्याङ्कको व्याख्या र विश्लेषण गर्नका लागि निम्न बमोजिमका कुरालाई आधार मानिएको छ ।

**तथ्याङ्कको व्याख्या र विश्लेषण**

प्रस्तुत अध्ययन सुर्खेत जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरूमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमतामा केन्द्रित रहेको छ । यस अध्याय अन्तर्गत विद्यार्थीहरूले सारांश लेखेर शीर्षक चयन, भाषिक शुद्धता, क्रमबद्धता, मूल भाव, मौलिकता र शब्द सङ्ख्यामा प्राप्त गरेको प्राप्ताङ्कलाई आधार मानी छुट्टाछुट्टै तालिकामा विश्लेषण गरिएको छ । उक्त तालिकामा विभिन्न शीर्षकमा जम्मा विद्यार्थीहरूले प्राप्त गरेको जम्मा प्राप्ताङ्क, औषत प्राप्ताङ्क र उक्त शीर्षकमा उच्च, मध्यम र निम्न अङ्क ल्याउने विद्यार्थीहरूको संङ्ख्या र प्रतिशत उल्लेख गरी विश्लेषण गरिएको छ । प्राप्त तथ्याङ्कलाई ७० प्रतिशत भन्दा बढी अङ्क प्राप्त गर्नेलाई उत्तम, ४५-७० प्रतिशत अङ्क प्राप्त गर्नेलाई मध्यम र ४५ प्रतिशत भन्दा कम अङ्क ल्याउनेलाई निम्न श्रेणीमा विभाजन गरिएको छ ।

सुर्खेत जिल्ला भित्रका सामुदायिक र संस्थागत गरी जम्मा १०० जना विद्यार्थीबाट प्राप्त प्राप्ताङ्कलाई समग्र विद्यार्थीको सारांश लेखन क्षमताको स्थिति, विद्यालयको प्रकृति र लैङ्गिकता आधारमा शीर्षक चयन, भाषिक शुद्धता, क्रमबद्धता, मूल भाव व्यक्त, शब्द सङ्ख्या र मौलिकतालाई आधार मानि विश्लेषण गरिएको छ । विश्लेषणका क्रमका समग्र विद्यार्थीको सारांश लेखन क्षमताको स्थिति, सामुदायिक र संस्थागत विद्यालयमा पढ्ने विद्यार्थीहरूको र छात्रा र छात्रको क्षमताको स्थिति अध्ययन गरी विश्लेषण गरिएको छ ।

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

**विद्यार्थीको सारांश लेखन क्षमताको अध्ययन**

प्रस्तुत अध्ययनमा सुर्खेत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन गर्ने उद्देश्य राखिएको छ । अध्ययनका लागि सुर्खेत जिल्लाका सामुदायिक र संस्थागत ५/५ गरी दस ओटा विद्यालयहरूबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई १० पूर्णाङ्कको परीक्षा लिई आवश्यक तथ्य सङ्कलन गरिएको छ । उक्त तथ्याङ्कबाट प्राप्त नतिजाका आधारमा विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कलाई निम्न बमोजिमका तालिकामा छुट्टाछुट्टै प्रस्तुत गरेर व्याख्या विश्लेषण गरिएको छ ।

**शीर्षक चयनका आधारमा**

कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूलाई एउटा १७६ शब्द सङ्ख्याको दृष्टांश अनुच्छेद दिइएको पाइन्छ । अनुच्छेदबाट उपयुक्त शीर्षक छनोट गर्नेलाई उच्च, अलि अलि/नजिक/नजिक मिल्न खोजेकोलाई मध्यम र शीर्षक नै नलेखेका विद्यार्थीले प्राप्त गरेको औषतलाई निम्न तालिका १ स्थानमा राखी अध्ययन गरिएको छ । समग्र विद्यार्थीहरूले शीर्षक चयनमा प्राप्त गरेको समग्र प्राप्ताङ्कलाई निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १

*शीर्षक चयन पूर्णाङ्क १ आधारमा*

| विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | ६५ | ०.६५ | ५७ | ५७ | १६ | १६ | २७ | २७ |

स्रोतः स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार समग्र रूपमा कक्षा नौमा पढ्ने १०० जना विद्यार्थीहरूको सारांश लेखन अन्तर्गत शीर्षक चयन क्षमता मध्यम स्तरको पाइन्छ । शीर्षक चयनमा जम्मा विद्यार्थीको औसत अङ्क ०.६५ रहेको पाइन्छ । ५७ जना अर्थात् ५७ प्रतिशतले सारांशको उपयुक्त शीर्षक राखेको पाइन्छ भने १६ प्रतिशतले शीर्षक मात्र राखेको पाइन्छ र २७ प्रतिशतले शीर्षक नै नराखेको पाइन्छ । २७ प्रतिशत विद्यार्थीमा सारांश लेखिसकेपछि उपयुक्त शीर्षक राख्नु पर्ने ज्ञानको कमी रहेको पाइन्छ । उनीहरूले शीर्षक चयन बापत दिएको अङ्क १ मा कति पनि अङ्क प्राप्त गर्न सकेको पाइँदैन । १६ प्रतिशतले शीर्षक मात्र राखेको तर उपयुक्त शीर्षक राख्न नसकेको पाइन्छ ।

**भाषिक शुद्धताका आधारमा**

भाषिक शुद्धताका आधारमा हेर्दा निर्दिष्ट दृष्टांश अनुच्छेदबाट कम्तिमा एक/दुई ओटा वर्णविन्यास बिग्रेकालाई उच्च स्थानमा, पाँच सातसम्म गल्ति गर्नेलाई मध्यम र दशभन्दा बढि ठाउँमा गल्ति गर्नेलाई निम्न स्थानमा राखि अध्ययन गरिएको छ । समग्र विद्यार्थीहरूले भाषिक शुद्धताका आधारमा प्राप्त गरेको समग्र प्राप्ताङ्कलाई निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २

*भाषिक शुद्धता पूर्णाङ्क १.५ आधारमा*

| विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | १००.५५ | १.००५ | ६४ | ६४ | १२ | १२ | २४ | २४ |

स्रोतः स्थलगत अध्ययन, २०८१

यस तालिकालाई अध्ययन गर्दा सुर्खेत जिल्लाका कक्षा नौमा पढ्ने विद्यार्थीहरूले भाषिक शुद्धता वाफत दिइने जम्मा १.५ पूर्णाङ्कमा प्राप्त गरेको जम्मा प्राप्ताङ्क १००.५५ र औसत अङ्क १.००५ रहेको पाइन्छ । ६४ जना अर्थात् प्रतिशत विद्यार्थीहरूले लेखेको सारांशमा भाषिक शुद्धता उच्च रहेको पाइन्छ भने १२ प्रतिशत विद्यार्थीहरूले लेखेका सारांशमा ह्रश्व दीर्घ, पदयोग, पद वियोग तथा चिह्न प्रयोगमा केही त्रुटिहरू रहेको छ । त्यसैगरी २४ प्रतिशतको भाषिक शुद्धताको स्थिति निम्न रहेको छ । उनीहरूले प्रश्न अनुच्छेदमै लेखिएका शब्दहरू पनि अशुद्ध लेखेको पाइन्छ ।

**क्रमबद्धताका आधारमा**

क्रमबद्धताका आधारमा हेर्दा अनुच्छेदको सुरुदेखि अन्त्यसम्म क्रमबद्ध भएको सारांशलाई उच्च, केहि केहि कुराहरू मात्र क्रमबद्ध भएको सारांशलाई मध्यम र क्रमबद्ध नलेखिएको सारांशलाई निम्न स्थानमा राखी अध्ययन गरिएको छ । समग्र विद्यार्थीहरूले क्रमबद्धताका आधारमा प्राप्त गरेको समग्र प्राप्ताङ्कलाई निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ३

*क्रमबद्धता पूर्णाङ्क : १.५ आधारमा*

| विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | १०६.०५ | १.०६ | ७२ | ७२ | १७ | १७ | ११ | ११ |

स्रोतः स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार १०० जना विद्यार्थीहरूले क्रमबद्धताको आधारमा प्राप्त गरेको जम्मा प्राताङ्क १०६.०५ रहेको छ र औषत प्राप्ताङ्क १.०६ रहेको छ । ७२ प्रतिशतले प्रश्न अनुच्छेदको क्रममा सारांश लेखेको पाइन्छ भने १७ प्रतिशतले प्रश्न अुच्छेदको क्रमलाई खासै ध्यान दिएको पाइदैन र ११ प्रतिशतले प्रश्न अनुच्छेदको क्रम भन्दा बेग्लै क्रममा सारांश लेखेको पाइन्छ । समग्रमा क्रमबद्धताको आधारमा सुर्खेत जिल्लाका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

**मूल भाव व्यक्त भएको आधारमा**

मूलभाव व्यक्तका आधारमा हेर्दा अनुच्छेदमा भएका कुराहरूको सार नबिग्रने गरि मूलभाव व्यक्त भएको सारांशलाई उच्च स्थानमा नजिक नजिक समेट्न खोजेका विद्यार्थीहरूको सारांशलाई मध्ययम र मूलभाव नसमेटिएको अनुच्छेदलाई निम्न स्थानमा राखि अध्ययन गरिएको छ । समग्र विद्यार्थीहरूले मूल भाव व्यक्त भएको आधारमा प्राप्त गरेको समग्र प्राप्ताङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४**

*मूल भाव व्यक्त भएको पूर्णाङ्क २.५ आधार*

| विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | १४७.१ | १.४७ | ३४ | ३४ | ३६ | ३६ | ३० | ३० |

स्रोतः स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार १०० जना विद्यार्थीहरूले मूल भावका आधारमा प्राप्त गरेको जम्मा प्राप्ताङ्क १४७.१ र औसत अङ्क १.४७ रहेको पाइन्छ । ३४ जनाले प्रश्न अनुच्छदको मूल भाव सारांशमा उपयुक्त तरिकाले व्यक्त गरेको पाइन्छ भने ३६ प्रतिशतले अनुच्छेदको मूल भाव त्यति राम्रोसँग व्यक्त नगरेको र ३० प्रतिशतले प्रश्न अनुच्छेदको मूल भावलाई ख्यालै नगरेको पाइन्छ ।

**मौलिकताका आधारमा**

मौलिकताका आधारमा हेर्दा समग्र अनुच्छेद पढि आफ्ना मौलिक शब्दहरू समेटी एक तृतियांश शब्दमा लेखिएको सारांशलाई उच्च केहि मौलिक शब्दहरू मात्र आएको सारांशलाई मध्यम र मौलिक शब्द नै नआई छनौट भएको सारांशलाई निम्न स्थानमा राखी अध्ययन गरिएको छ । समग्र विद्यार्थीहरूले मौलिकताका आधारमा प्राप्त गरेको समग्र प्राप्ताङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५

*मौलिकता पूर्णाङ्क २ आधारमा*

| विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | १००.८५ | १.००८५ | २१ | २१ | ५३ | ५३ | २६ | २६ |

स्रोतः स्थलगत अध्ययन, २०८१

यस तालिकालाई अध्ययन गर्दा २१ जना अर्थात् २१ प्रतिशतले सारांश लेख्दा आफ्नो मौलिक पक्ष र सिर्जनात्मक पक्षको राम्रो विकास गरेको पाइन्छ भने ५३ जना अर्थात् ५३ प्रतिशतले प्रश्न अनुच्छेदको क्रममा केही नयाँ शब्दहरू प्रयोग गरेको पाइन्छ र २६ जना अर्थात् २६ प्रतिशतले मध्यम खालको विकास गरेको पाइन्छ । मौलिक आधारमा हेर्दा सुर्खेत जिल्लाका कक्षा नौमा अध्ययन र विद्यार्थीहरूको सारांश लेखन क्षमता त्यति राम्रो मान्न सकिन्न ।

**शब्द सङ्ख्याका आधारमा**

शब्द सङ्ख्याका आधारमा जम्मा शब्द सङ्ख्याको (१७६) शब्द सङ्ख्याको एक तृतियांश ५८ हुन्छ । यस भन्दा माथि ६२ सम्म पनि गएको र ५४ शब्दसम्मको सारांशलाई उच्च स्थानमा राखिएको छ । ४५-५२ सम्म र ६५-७५ शब्द सङ्ख्याको अनुच्छेदलाई निम्न र अनुच्छेदलाई जस्ताको त्यस्तै लेखिएको, अनुच्छेदलाई निम्न स्थानमा राखि अध्ययन गरिएको छ । समग्र विद्यार्थीहरूले शब्द सङ्ख्याका आधारमा प्राप्त गरेको समग्र प्राप्ताङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६

*शब्द सङ्ख्या पूर्णाङ्क १.५ आधारमा*

| विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उच्च | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | ९२.५५ | ०.९२ | ४७ | ४७ | २० | २० | ३३ | ३३ |

स्रोतः स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार ४७ प्रतिशतले प्रश्न अनुच्छेदको जम्मा शब्द सङ्ख्याको एक तिहाइ शब्द सङ्ख्यामा सारांश लेखेको पाइन्छ भने २० प्रतिशतले एक तिहाइ शब्द सङ्ख्या भन्दा केही शब्दहरू थपेको पाइन्छ र ३३ प्रतिशतले शब्द सङ्ख्यामा ध्यानै नदिई केवल प्रश्न अनुच्छेदलाई अलिअलि छोट्ट्याइएको मात्रै पाइन्छ ।

नमुना छनोटमा परेका विद्यार्थीहरूको विद्यालयको प्रकृति, लैङ्गिगता जस्ता पक्षमा आधारित रही सारांश लेखन क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा विद्यार्थीले गरेको कमिकमजोरी विषयवस्तुसँग मेल नखाने, लामा प्रकृतिका शीर्षक, वर्णविन्यासगत, सङ्कथनगत, शब्दगणना नमिल्नु र सङ्क्षेपीकृत शब्दसङ्ख्या नमिलेको हुनु रहेको छ ।

शीर्षक चयन गर्दा बढीमा तीन शब्दसम्मको अथवा एक/दुई शब्दसम्मको चयन गर्ने क्षमता विकास गराउने, सङ्क्षेप गरिएको विषयवस्तुको मूलभावसँग मेल खाने शीर्षक चयन गर्ने सामर्थ्य दिलाउने, सङ्क्षेपीकरणमा वर्णविन्यासगत शुद्धताको पालना गर्न लगाउने, सङ्क्षेपीकरण सकेसम्म एकै वाक्यमा टुङ्ग्याउन लगाउने र सम्भव नभएका कम वाक्य अगाडि र पछाडिको सन्दर्भ मिल्ने किसिमले सङ्क्षेपीकरण गर्न अभिप्रेरित गर्ने रहेको छ ।

**निष्कर्ष**

कक्षा नौमा अध्ययनरत पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूका सारांश लेखन क्षमता परीक्षण गरी व्याख्या र विश्लेषण गरिएको छ । संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीलाई अनुच्छेद दिइ त्यसबाट शारांस लेखन लगाई क्षमताको अध्ययन गरिएको छ । उक्त व्याख्या र विश्लेषणबाट प्राप्त निष्कर्ष विद्यार्थीहरूको सारांश लेखन क्षमतालाई समग्रमा हेर्दा १० पूर्णाङ्कमा ३८ जनाले ७-९ अङ्कसम्म ल्याएका, ४१ जनाले ४.५-६.९ अङ्कसम्म ल्याएका र २१ जनाले २-४.४ अङ्कसम्म ल्याएको छ । यस आधारमा विद्यार्थीको सारांश लेखन औषत मध्यम स्वरूपको रहेको पाइयो । समग्र आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको विश्लेषणबाट सर्वाधिक मध्यम स्तरमा ४१ प्रतिशत अर्थात ४१ जनाले ४.५-६.९ अङ्कसम्म ल्याएकाले सुर्खेत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्धीहरूको सारांश लेखन क्षमता मध्यम स्तरको रहेको पाइन्छ । शीर्षक चयनका आधारमा १ पूर्णाङ्कमा समग्र विद्यार्थीहरूको औसत प्राप्ताङ्क ०.६५, उच्च अङ्क ल्याउने ५७, मध्यम १६ र निम्न २७ जना रहेको पाइन्छ । भाषिक शुद्धतामा औषत प्राप्ताङ्क १.००५, उच्च अङ्क ल्याउने ६४, मध्यम अङ्क ल्याउने १२ र निम्न अङ्क ल्याउने २४ जना रहेको पाइन्छ । क्रमबद्धताका आधारमा १.५ पूर्णाङ्कमा समग्र विद्यार्थीहरूको औषत प्राप्ताङ्क १०६.०५, उच्च अङ्क ल्याउने ७२ जना, मध्यम अङ्क ल्याउने १७ जना र निम्न अङ्क ल्याउने ११ जना रहेको पाइन्छ । मूल भाव भएको आधारमा २.५ पूर्णङ्कमा विद्यार्थीहरूले प्राप्त गरेको औषत प्राप्ताङ्क १.४७, उच्च अङ्क ल्याउने ३४ जना, मध्यम ३६ जना र निम्न अङ्क ल्याउने ३० जना रहेको पाइन्छ । मौलिकता आधारमा २ पूर्णाङ्कमा समग्र विद्यार्थीहरूको औषत प्राप्ताङ्क १.००८५, उच्च अङ्क ल्याउने २१ जना,

मध्यम अङ्क ल्याउने ५३ जना र निम्न अङ्क ल्याउने २६ जना रहेको पाइन्छ । शब्द सङ्ख्याका आधारमा पूर्णाङ्क १.५ मा औषत अङ्क ०.९२, उच्च अङ्क ल्याउने ४७, मध्यम २० र निम्न ३३ जना रहेको पाइन्छ ।

सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीका अभिभावकलाई सचेत गराइ आफ्ना छोरा छोरीको पढाइप्रति जागरूक गराउनु पर्दछ । शिक्षण सिकाइ कार्यकलापमा आधुनिक शैक्षणिक सामग्रीको प्रयोगमा जोड दिनुपर्दछ । सामुदायिक विद्यालयमा पठन पाठनमा नियमित्ता गर्न कडा नीति नियम बनाउनु पर्ने आवश्यकता देखिन्छ । सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी थप गर्नु पर्दछ । सामुदायिक र संस्थागत दुबै विद्यालयमा विषयगत शिक्षकको व्यवस्था अनिवार्य गर्नु पर्ने छ । प्रत्येक विद्यालयमा नेपाली विषय शिक्षक नियुक्ति गर्दा नेपाली विषयमा नै विशिष्टिकरण गरेको शिक्षक नियुक्ति गर्नुपर्ने छ । मूल्याङ्कन गर्दा मूल्याङ्कनका सम्पूर्ण साधनको प्रयोग गर्नु पर्दछ ।

कुनै पनि कार्यलाई प्रभावकारी बनाउन नीतिको आवश्यक पर्छ । नीतिनियम छैन भने कुनै पनि कार्य सही मार्गमा अगाडि बढ्न सक्दैन । पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्दा नीतिगत रुपमा नै लेखन क्षमता विकास गर्ने आधारहरु तय गर्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययनले भाषा पाठ्यपुस्तक र पाठ्यक्रमलाई समय सापेक्ष परिष्कार एवम् परिमार्जन गर्न सहयोग गर्नेछ । यस अध्ययनले भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तक निर्मातालाई सहयोग पुऱ्याउने छ । प्रस्तुत अध्ययनले भाषा पाठ्यपुस्तक र पाठ्यक्रम निर्माण गर्दा विद्यार्थीहरूको रुचि, क्षेत्र, उमेर, क्षमता, भाषिक पृष्ठभूमि, लैङ्गिकता, विद्यालयको प्रकृति, आदिमा ध्यान दिई पाठ्यपुस्तक निर्माण कर्तालाई सचेत गराउने छ । प्रस्तुत अध्ययनले भाषा शिक्षण कार्यकलापमा सहयोग पुऱ्याउने छ ।

**सन्दर्भसुची**

अधिकारी, हेमाङ्गराज (२०६२), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हिरा (२०७२), *कक्षा बारमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन,* कीर्तिपुर : अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

गौतम, राजु (२०७२), *कक्षा नौमा अध्ययनरत विद्यार्थीको चिठी लेखन क्षमताको अध्ययन,* कीर्तिपुर : अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

पोखरेल, हिरा, त्रिपाठी, निसा र अन्य (२०४०), *नेपाली व्याकरण,* काठमाडौं : तलेजु प्रकाशन ।

बराल र एटम (२०६५), *माध्यमिक नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास,* काठमाडौं : तलेजु प्रकाशन ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, शर्मा र अन्य (२०६३), *साधारण नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,* काठमाडौं : अस्मिता पब्लिकेसन ।

सुवेदी, गीता (२०७१), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको जीवनी लेखन क्षमताको अध्ययन,* कीर्तिपुर : अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।